आज मितिः२०७७।०४।३२ गतेका दिन यस बाणगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मंगल प्रसाद थारु ज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरुमाथी छलफल गरि निर्णय गर्न निम्नानुसारका पदाधिकारींहरुको उपस्थिती रहेको छ।

| क्र.सं. | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | मंगल प्रसाद थारु | नगर प्रमुख | |
| २ | चक्रपाणी अर्याल | उप नगर प्रमुख | |
| ३ | बाल कुमारी पन्त | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | सन्तराम रौतार थारु | वडाध्यक्ष | |
| ६ | गणेश बहादुर क्षेत्री | वडाध्यक्ष | |
| ७ | भिष्मराज भुसाल | वडाध्यक्ष | |
| ८ | सुकदेव थारु | वडाध्यक्ष | |
| ९ | विष्णू गिरी | वडाध्यक्ष | |
| १० | गुणानीधि भुसाल | वडाध्यक्ष | |
| ११ | धुव्र बेल्बासे | वडाध्यक्ष | |
| १२ | राम बिहारी चौधरी | वडाध्यक्ष | |
| १३ | सोमनाथ अर्याल | वडाध्यक्ष | |
| १४ | टिका कूमारी अधिकारी | सदस्य | |
| १५ | सरिता देवी ढकाल | सदस्य | |
| १६ | योगनाथ सुनार | सदस्य | |
| १७ | कृष्ण बहादुर वि.क. | सदस्य | |
| १८ | गिता भुसाल | सदस्य | |
| १९ | केशरा गुरुङ | सदस्य | |
| २० | सावित्रा थारु | सदस्य | |
| २१ | पूर्णकला सुनार | सदस्य | |
| २२ | चुरामणि पन्थी | सचिव | |

Scanned with CamScanner

# बाणगंगा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# ५ नं. प्रदेश, कपिलवस्तु नेपाल

**मिति: २०७७।०४।३२**

**कार्यपालिका बैठकका प्रस्तावहरु-**

१. श्रृङ्गिघाट सिंचाई योजनामा रहेको नदीजन्य पदार्थ सम्बन्धमा
२. प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधी, २०७७ सम्बन्धमा
३. Zero Home Delevery सम्बन्धी कार्यक्रम संचालन निर्देशिका २०७७ सम्बन्धमा
४. . विविध

**निर्णयहरु:-**

**निर्णय नं. १**

यस बाणगंगा नगरपालिका वडा नं. २ अन्तर्गत संचालित श्रृङ्गिघाटमा सिंचाई योजनाको पूर्व र पश्चिम तर्फको नहर बर्षायामको बाढीका कारण पुरिन गएकोले सफाई गरी सिंचाई सुविधा उपलब्ध गराईदिन श्रृङ्गिघाट सिंचाई उपभोक्ता समितिको अनुरोधमा यस कार्यालयबाट गरिएको सिफारिस बमोजिम जिल्लास्तरबाट अनुगमन तथा निरिक्षण गर्दा नहर तत्काल सफा नहुँदा सिंचाईमा अवरोध पुगेको अवस्था देखिएकोले नहर आउटलेट देखि नहरमा जम्मा भएको बालुवा गिट्टी सफा गर्न बाणगंगा नगरपालिकालाई अनुमति दिने र नगरपालिकाले जिल्ला समन्वय समिति, कपिलवस्तु र बाणगंगा नगरपालिकाका ईन्जिनियरहरुको संयुक्त नापजाँचबाट नहर सफागर्दा निस्केको नदीजन्य पदार्थको परिमाण एकिन गराई एकिन भएको परिमाण नियमानुसार लिलाम गरी प्राप्त रकम बाणगंगा नगरपालिकाको खातामा जम्मा गर्ने निर्णयको जानकारी एवं कार्यान्वयनका लागि निर्णय सहित जिल्ला समन्वय समिति कपिलवस्तुको च.नं.४१, मिति:२०७७।०४।२८ को पत्र प्राप्त भएको हुँदा यस कार्यालयबाट प्राविधिक खटाई नहर सफा गर्दा निस्कने नदीजन्य पदार्थको नापजाँच गरि परिमाण एकिन गर्दा दुबै तर्फ गरि जम्मा २,९५८ घन मिटर संकलन हुने अवस्था देखिएको र यस नगरपालिकाको नगर सभाबाट श्रृङ्गिघाट सिंचाई योजनाका लागि रु.१५लाख बजेट बिनियोजन भएकोमा उपभोक्ता समितिको माग बमोजिम नदिजन्य पदार्थ संकलन गर्दा लाग्ने खर्च र योजनाको लागि बनाईएका संरचनाहरुको संरक्षणका लागि तारबार गर्न प्राविधिकबाट तयार गरिएको लगत स्टीमेट बमोजिम उपभोक्ता समितिसंग सम्झौता गरि कार्य प्रक्रिया अगाडी बढाउने र नहर सफागर्दा निस्केको नदीजन्य पदार्थ उपभोक्ता समितिकै रेखदेख र जिम्मेवारीमा रहने गरि संरक्षण गरि राख्ने र जिल्ला समन्वय समितिको प्राविधिक कर्मचारीको रोहवरमा परिमाण एकिन गराई कार्यालयबाट लिलाम बिक्रिको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. २**

संघीय मामिला तथा सामान्य मन्त्रालयबाट प्राप्त भएको नमूना कार्यविधि बमोजिम यस कार्यालयबाट तयार गरिएको बाणगंगा नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

यस नगरपालिकाको स्वीकृत बार्षिक नीति तथा कार्यक्रम अनुसार घरमा शुन्य प्रसुती Zero Home Delevery सम्बन्धी कार्यक्रम संचालन निर्देशिका २०७७ स्वीकृत गर्ने निर्णय गरियो।

Scanned with CamScanner